जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ | अंक:- ५५ | २०८२ साल असोज ३ शुक्रवार ( September 19, 2025) | पृष्ठ संख्या:- ४ | मुल्य रु : ५।-

## सुर्नयाकी अप्सरा मृत्यु प्रकरणः फेसबुक आइडी विवादले निम्त्याएको त्रासदी


**बिगूल समाचार**
**३ असोज २०८२**

बैतडी । बैतडीको सुर्नया गाउँपालिका-५ नौघरकी १७ वर्षीया अप्सरा चन्दको आत्महत्या प्रकरण रहस्यमय बन्दै गएको छ। घटनापछि स्थानीयवासी मात्र होइन, सम्पूर्ण समुदाय नै स्तब्ध बनेको छ।

आफन्तका अनुसार सामाजिक सञ्जालमा अप्सरा चन्द र स्थानीय युवक भरत बिकको तस्बिर सम्पादन गरी 'अप्सरा भरत विश्वकर्मा' नामको नक्कली फेसबुक आइडी खोलेपछि अप्सरा तनावमा थिइन्। बेइज्जतीको डरले नै उनले यस्तो कदम चाल्नुपरेको दाबी उनका आफन्तले गरेका छन्।

भदौ ३१ गते राति अप्सरा घरमै सामान्य देखिएको र कुनै असामान्य व्यवहार नगरेको उनका काका विर बहादुर चन्दले बताएका छन्। तर राति नै घरबाट निस्केर उनी सुर्नया नदीमा हाम फालेकी थिइन्। भोलिपल्ट बिहान स्थानीयले उनको शव फेला पारे। घटनास्थल नजिकै उनको मोबाइल पनि सकुशल भेटिएको छ।

आफन्तले यस घटनाको मूल कारण सो नक्कली फेसबुक आइडी नै भएको बताउँदै किटानी जाहेरी दिएका छन्।






यसै आधारमा प्रहरीले तस्बिरमा देखिएका भरत बिकलाई नियन्त्रणमा लिएको छ। तर उनले उक्त आइडी आफैले नखोलेको दाबी गरेका छन्।

जिल्ला प्रहरी कार्यालय बैतडीका प्रवक्ता प्रहरी निरीक्षक बलदेव बडूका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ।

### स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस्।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस्।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस्।
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस्। क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस्।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा

## जेनजी आन्दोलन चुनावमै सीमित
## इतिहास रच्ने मौका फेरि गुम्योः प्रचण्ड

**बिगूल समाचार**
**३ असोज २०८२**




नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जेनजी आन्दोलनको उपलब्धि केवल अन्तरिम सरकार र निर्वाचनमा सीमित भएको बताउँदै इतिहास बदल्ने ठूलो अवसर फेरि पनि खेर गएको टिप्पणी गरेका छन्। संविधान दिवसको पूर्वसन्ध्यामा एक भिडियो सन्देशमार्फत् उनले लोकतन्त्रका लागि भएका क्रान्ति र आन्दोलनको बलिदानी खेर जान नदिने संकल्प व्यक्त गरे। अहिले धूलो हेरेर निराश हुने समय नभएको भन्दै उनले "धूलो टक्टक्याएर निर्माणतर्फ अघि बढ्ने" आह्वानसमेत गरे।

दाहालले भने, "हामी यतिखेर ७० भन्दा बढी युवाहरूको जघन्य हत्याको शोकमा छौं। २३ गतेको नरसंहार र २४ गतेको विध्वंशले आम सार्वजनिक सेवा नै अस्तव्यस्त भएको छ। यतिखेर धूलो हेरेर निराश हुने छुट हामीलाई छैन। धूलो टक्टक्याएर हामीले निर्माणको क्षमता र इच्छाशक्ति देखाउनु छ। अहिले सबैभन्दा उच्च प्राथमिकताका साथ देशव्यापी पुनर्निर्माणमा लाग्न म सम्पूर्ण पार्टी पंक्ति र जनसमुदायलाई हार्दिक आह्वान गर्दछु।"

उनले २३ र २४ गतेका घटनाको स्वतन्त्र, निष्पक्ष र उच्चस्तरीय छानबिन आयोग गठन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन सरकारसँग माग गरे। जेनजी आन्दोलनलाई समयमै विवेकपूर्ण सम्बोधन नगर्दा मुलुक तरल अवस्थामा प्रवेश गरेको उनको बुझाइ छ।

जेनजी आन्दोलनका माग आफूहरूले दशकअगाडि नै संविधानसभामा फरक मतका रूपमा राखेको स्मरण गर्दै दाहालले भने, "त्यतिखेर संविधानसभामा हाम्रो संख्या पुगेन। सम्झौता गर्नु पर्‍यो। तर, हामीले हाम्रा असहमतिहरूलाई लिखित फरक मतका रूपमा इतिहासको अदालतमा दर्ज गरेका थियौं। अहिले जेनजीले मागेका प्रत्यक्ष निर्वाचित कार्यकारी, हाम्रो त्यतिबेलैको सबभन्दा मुख्य फरक मत थियो। पैसाको खोलो बग्ने र भुइँमान्छेले चुनाव लड्ने कल्पनै गर्न नसक्ने अहिलेको निर्वाचन प्रणाली हामीले भत्काउन चाहेका थियौं। हामी पूर्ण समानुपातिक निर्वाचन प्रणालीका पक्षमा थियौं। पछिल्ला घटनाक्रम हेर्दा लाग्छ, हाम्रा फरक मतहरू त्यतिबेलै स्वीकार गरिन्थ्यो र कार्यान्वयन हुन्थ्यो भने आज युवाहरूले विद्रोह गर्नुपर्ने र रगत बगाउनुपर्ने अवस्था सिर्जना नहुन सक्थ्यो।"

परम्परागत दलहरूले परिवर्तनको आवाज सुन्न ढिलाइ गर्दा जनयुद्धदेखि हालको जेनजी आन्दोलनसम्म देशले ठूलो मूल्य चुकाएको दाहालको भनाइ थियो। उनले कांग्रेस र एमालेलाई निरन्तर खबरदारी गर्दै जनताको आवेग र आक्रोशसँग नखेल्न आग्रह गरेको स्मरण गराए।

"दुई तिहाइको घमण्डबाट बाहिर निस्कन मैले सुझाव दिइरहें। प्रतिपक्षका रूपमा संसदमा हाम्रो जत्रो आकार थियो, त्योभन्दा धेरै नै ठूलो प्रतिरोध हामीले गर्‍यौं। राजनीतिक दलका रूपमा जेनजी आन्दोलनका मागमा पहिलो समर्थन पनि हामीले नै गर्‍यौं," दाहालले भने। संसद विघटनको विधि र प्रक्रियामा असहमति हुँदाहुँदै पनि अन्तरिम सरकार गठनमा राष्ट्रपतिसँग सहजीकरणमा आफू र माओवादी केन्द्रको भूमिका रहेको स्पष्ट पार्दै उनले भने, "जेनजी आन्दोलनकै बलमा त्यही संसदबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीतर्फ जाने गरी तत्काल संविधान संशोधन सम्भव थियो। त्यसपछि मात्र संसद विघटनबारे सोच्न सकिन्थ्यो। तर आज जेनजी आन्दोलनको उपलब्धि केवल अन्तरिम सरकार र निर्वाचनको घोषणामा सीमित भयो। शासकीय स्वरूप बदल्ने र इतिहास रच्ने मौका फेरि पनि चुक्यो।"

### अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

### दुर्गाथली गाउँपालिका बझाङ्ग को अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बझाङ्ग

## सम्पादकीय

### लोकतान्त्रिक स्थायित्वका लागि तोकिएको मितिमा चुनाव गरौँ !

जेनजी पुस्ताको आह्वानमा भदौ २३-२४ गते काठमाडौंसहित देशका विभिन्न भागमा भएका प्रदर्शन र त्यसपछि उत्पन्न राजनीतिक घटनाक्रमले मुलुकलाई नयाँ परिस्थितिमा पुऱ्याएको छ। आन्दोलनपछि बनेको चुनावी अन्तरिम सरकारसँगै प्रतिनिधि सभा विघटन भइसकेको छ। सुशीला कार्की नेतृत्वको सरकारले फागुन २१ गते आम निर्वाचन गर्ने निर्णय गरी मिति समेत घोषणा गरिसकेको छ। अब सरकारको एक मात्र दायित्व भनेको निर्धारित समयमा निर्वाचन सम्पन्न गर्नु हो।

प्रधानमन्त्री स्वयंले तोकिएकै मितिमा निर्वाचन हुने कुरा बारम्बार दोहोऱ्याइसकेका छन्। त्यसैले सरकारले आफ्नो ध्यान अन्यत्र नलगाई सम्पूर्ण ऊर्जा र स्रोत चुनावमा केन्द्रित गर्न जरुरी छ। अन्तरिम चुनावी सरकारको मूल उद्देश्य र कार्यक्षेत्र निर्वाचन सम्पन्न गर्नु नै हो। यदि सरकारले अन्य विषयलाई प्राथमिकता दिन थाल्यो भने राजनीतिक वातावरण फेरि अस्थिर हुनेछ र निर्वाचन अनिश्चित बन्न सक्छ।

निर्वाचनको तयारीमा केही चुनौती देखिएका छन्। निर्वाचन आयोग अपूर्ण अवस्थामा छ, प्रमुख आयुक्त पद रिक्त छ। आयोगलाई पूर्णता दिनु, आवश्यक बजेट र स्रोत साधन सुनिश्चित गर्नु सरकारको पहिलो कर्तव्य हो। साथै, अघिल्ला आन्दोलनका क्रममा जलेर क्षति भएका प्रहरी चौकी, जिल्ला प्रशासन कार्यालय र अन्य संरचनाहरू पुनर्निर्माणको काम पनि तत्कालै गर्नुपर्नेछ। यद्यपि, नेपाली समाज स्वयं यस्ता संरचना बनाउन अग्रसर छ र कतिपय ठाउँमा स्थानीयले प्रहरी चौकी स्वस्फूर्त पुनःनिर्माण गरिरहेका छन्। यसले मुलुकलाई संकटपार गर्ने अवस्था नरहेको देखाउँछ। चुनाव सफल पार्न अन्तर्राष्ट्रिय सहयोग पनि उपयोग गर्न सकिन्छ। विगतमा भारतलगायत छिमेकी मुलुकले नेपाललाई निर्वाचनका लागि गाडी, साधन र आवश्यक सहयोग उपलब्ध गराउँदै आएका छन्। यसपटक पनि सरकारले औपचारिक आह्वान गर्दा छिमेकी मुलुक र दातृ निकाय तत्पर हुने निश्चित छ। तीन वर्षअघि खरिद गरिएका मतपेटिका सुरक्षित छन्। फजुल खर्च कटौती गरेर मितव्ययी ढंगले पनि निर्वाचन सम्भव छ भन्ने सरकारको निर्णय सही दिशामा छ।

अबको प्रमुख प्रश्न भनेको राजनीतिक इच्छाशक्ति हो। स्थापित राजनीतिक दलहरूलाई विश्वासमा लिएर चुनावी तयारीलाई तीव्र बनाउन सकिन्छ। प्राविधिक कठिनाइ भन्दा ठूलो चुनौती राजनीतिक प्रतिबद्धता हो। नेपाली कांग्रेस, नेकपा एमालेजस्ता मूलधारका दलहरूले सरकारलाई निर्वाचन गराउन दबाब सिर्जना गर्नुपर्छ। उनीहरूले आफ्ना गतिविधि गाउँ-गाउँमा निर्वाचनमुखी बनाउन जरुरी छ। सरकारले दलहरूलाई आफ्ना एजेन्डासहित जनतामाझ जाने वातावरण बनाउन शान्ति-सुरक्षाको प्रबन्ध सुनिश्चित गर्नुपर्छ। सर्वस्वीकार्यता र वैधतासहितको निर्वाचनले मात्र मुलुकलाई दीर्घकालीन निकास दिन सक्छ।

यदि फागुन २१ गते तोकिएकै समयमा निर्वाचन हुन सकेन भने मुलुक लामो समय संसदविहीन अवस्थामा र हनेछ। त्यसबेला संसद् पुनःस्थापनाको माग चर्किनेछ र अस्थिरता अझै लम्बिनेछ। त्यस्तो अवस्था मुलुकलाई झन् कमजोर र जर्जर बनाउनेछ। जेनजी आन्दोलनले पुरानो संसद्लाई अस्वीकार गरिसकेको सन्दर्भमा अब ताजा जनादेशमा जानु बाहेक विकल्प छैन।

यस संक्रमणकालीन अवस्थालाई सफलतापूर्वक पार गरेर चुनाव सम्पन्न गरी लोकतान्त्रिक सरकारलाई सत्ता हस्तान्तरण गर्न सक्नु नै सुशीला कार्की नेतृत्वको सरकारको प्रमुख उपलब्धि हुनेछ। त्यतिबेला मात्रै सरकारले नयाँ खालको संक्रमणकाल पार लगाएको भन्दै इतिहासमा नाम कमाउनेछ।

आगामी चुनाव सफलतापूर्वक सम्पन्न भए लोकतान्त्रिक सरकार गठन हुनेछ, जसले मुलुकलाई राजनीतिक स्थायित्व, आर्थिक विकास र समृद्धिको बाटोमा अघि बढाउनेछ। अपुरो रहेको विकास र अधुरा सपना चुनावपछि मात्र सुचारु हुनेछन्। त्यसैले आजको दिन सरकार र दलहरूको साझा जिम्मेवारी भनेको निर्वाचनलाई निश्चित मितिमै सम्पन्न गर्नु हो। यही बाटो मुलुकको निकास, स्थिरता र भविष्यको सुनिश्चितता हो।

# सत्तासँगै संस्कार पनि बदल्नुपर्ने खाँचो

**वास्तवमा जेनजी आन्दोलनले नेपाली समाजको पुनर्जागरणको आवश्यकता देखाइरहेको छ। यो केवल राजनीति होइन, समाजका हरेक आयाममा जरुरी छ। यदि सरकारले त्यस पुनर्जागरणको डिस्कोर्सलाई प्रवर्द्धन गरेर एउटा भिजन डकुमेन्ट बनाएर अघि बढायो भने, त्यो आफैँ रूपान्तरणको जग हुनेछ, र भविष्यका सरकारले पनि त्यसैलाई मार्गदर्शक दस्तावेजको रूपमा मान्न बाध्य हुनेछ।**



राजुप्रसाद चापागाई

बलिदानीपूर्ण जेनजी आन्दोलनले ल्याएको नयाँ नागरिक सरकारलाई शुभकामना ! नेतृत्वमा निडर र निर्भीक वकिल तथा न्यायाधीशको परिचय बनाएकी सुशीला श्रीमान् हुनुहुन्छ। मन्त्रिमण्डलका अन्य सदस्यमा जेनजीले नै छानेका भ्रष्टाचार विरोधी अधिकारवादी अधिवक्ता ओमप्रकाश अर्याल कामले आफैँलाई प्रमाणित गरिसकेका र समाजले पत्याएका व्यक्ति हुनुहुन्छ।

अर्थमन्त्रीको जिम्मेवारी पाएका रामेश्वर खनाल यसअघि सबै राजनीतिक दलहरूको रोजाइमा परेका पात्र हुनुहुन्छ। जनताबीच उनको छवि अब्बल छ। कुलमान घिसिङ पनि आफैँमा सफल उदाहरण हुनुहुन्छ। सबै मन्त्रालयले यस्तै विज्ञ नेतृत्व पाउने हो भने जनतामा सकरात्मक सन्देश जाने मात्रै होइन, अपेक्षित परिवर्तन पनि सम्भव छ।

नवनियुक्त अर्थमन्त्री खनालले देशको आम्दानी कसरी बढाउने र अनुत्पादक खर्च कसरी घटाउने भन्ने सन्दर्भमा केही महिनाअघि दिएको सुझावलाई राष्ट्रिय एजेन्डाका रूपमा लैजान सबैभन्दा उपयुक्त मौका भनेको यही हो। किनकि यो अभियानलाई कुनै पनि दलले विरोध गर्ने अवस्था छैन। त्यसको सुरुआत अर्थमन्त्री खनालले पदभार ग्रहणसँगै गरि सकेका छन्। उनले आफ्नै प्रतिवेदन कार्यान्वयन गर्नसके भने पनि अहिलेको अवस्थामा काफी हुन्छ। नवनियुक्त ऊर्जामन्त्री घिसिङ त जलस्रोतको समुचित उपयोगद्वारा मुलुकले समृद्धि हासिल गर्न सक्ने नारालाई एक ढंगले व्यवहारमै उतार्न सफल भइसकेका पात्र हुन्। पदभार सम्हाल्दै गर्दा केही ठुला उद्योगबाट डेडिकेटेड तथा ट्रंकलाइनको बक्यौता विद्युत् महसुल कुनै पनि हालतमा उठाउने उनको निर्णयले जनता उत्साहित छन्। सबै मन्त्रालयले खनाल र घिसिङजस्तै काबिल नेतृत्व पाउन् भन्ने नवयुवा पुस्ताको अभियान अत्यन्त सकारात्मक छ। अरू पनि पत्याइएका र सापेक्षिक रूपमा स्वतन्त्र छविका व्यक्तिहरू मन्त्रिमण्डलमा आउँदै जालान्, शुभकामना र बधाई दिँदै जाऔँला। एकातिर भ्रष्टाचारीलाई छिटो कारबाही होस् र सरकारले सुशासन देओस् भन्ने जनचाहना छ भने अर्कातिर यसका लागि आवश्यक संयन्त्र ध्वस्त छन्। आमजनतामा सरकारको उपस्थिति महसुस गराउने मुख्य राज्य संयन्त्रका रूपमा रहेको नेपाल प्रहरीको बिट तथा चौकी मात्रै जलेका छैनन्, प्रहरीका सवारी साधनसमेत सबैजसो जलेका छन्। यो सँगसँगै सहकर्मीको ज्यान गएका कारण प्रहरीको गिरेको मनोबल उठाउनुपर्ने चुनौती पनि सानो छैन। यी चुनौतीहरूको सामना गर्न सबैभन्दा ठुलो चुनौती आर्थिक पक्ष हो। यसै पनि मुलुकको राजस्वले साधारण खर्च धान्न नसक्ने अवस्था थियो, त्यसमाथि पनि अर्बौं कर तिर्ने दर्जनौँ व्यापारिक घरानाहरू तहसनहस भएकाले चालु आर्थिक वर्षमा संकलन हुने राजस्व उल्लेख्य परिमाणमा घट्ने निश्चित छ। जसका कारण ध्वस्त भएका संरचनाको पुनर्निर्माण अनिश्चित देखिन्छ।

नागरिक सरकारको आधारभूत प्राथमिकता स्पष्ट छन्, मन्त्रीहरूमार्फत पनि सार्वजनिक भइसकेका छन्। जेन-जी को सपना 'सुशासनयुक्त समृद्ध नेपाल' हो भन्ने स्पष्ट छ। त्यसका लागि लरतरो प्रयासले पुग्दैन। दशकौँदेखि नै आन्दोलनको बलमा संविधान बदलिने, सरकार बन्ने र निर्वाचन हुने चक्रबाट त हामी गुज्रिँदै आएकै हौँ।

अब निर्वाचन यथासमयमा हुनै पर्छ। त्यसले नयाँ संसद् ल्याउनेछ र नयाँ संसद्ले नयाँ सरकार दिनै पर्छ। आन्दोलनका सन्दर्भमा भएका ज्यादतीको छानबिन, अनुसन्धान, अभियोजन हुनै पर्छ, दण्डहीनता किमार्थ हुनु हुँदैन। भौतिक संरचना पुनर्निर्माणले पनि गति लिनुपर्छ। यी कुनै कुरामा पनि सम्झौता हुनु हुँदैन।

राम्रो कुरा अहिले के छ भने, हामीले नयाँ संविधान लेख्नु छैन। हामीसँग लोकतन्त्र, मानवअधिकार, सामाजिक न्याय, सुशासन, समाजवाद, समावेशीताका उन्नत मान्यतासहितको जनताले बनाएको संविधान छ। यो जेनजी सपनाका लागि कत्तै पनि बाधक छैन, बरु केही संस्थागत र प्रणालीगत पाटोमा परिमार्जन र समायोजन गर्दा सपनालाई सार्थक बनाउन संविधान साधक नै हुन्छ।

तर मिचाहा शासकीय प्रवृत्तिले गर्दा संविधान आफैँ अन्यायमा परेको छ, हेपिएको छ। संविधानलाई पनि सुपोषित बनाउनु छ, न्याय दिनु छ। यसको इमानदारीपूर्वक कार्यान्वयन गर्नु छ। कार्यान्वयनको मूल्यांकन गर्नु छ। के त्यतिले मात्रै नेपाली समाज, नेपाली राजनीतिको आधारभूत चरित्र बदलिन्छ ? संरचनागत समस्याहरूलाई थाँती राखिरहँदा के हामी घुम्दैफिर्दै फेरि त्यहीँ ठाउँ (अर्को आन्दोलन, विद्रोह, क्रान्ति) मा नपुगौँला भन्ने कुनै ग्यारेन्टी छ ?

वास्तवमा नेपालमा कुनै कुरा स्थिर छ भने त्यो राजनीतिक अस्थिरता नै हो। अब यो दुष्चक्रलाई तोड्न सक्नुपर्छ। त्यसका अन्तरनिहित कारणहरू खोज्नुपर्छ र सम्बोधन गर्नुपर्छ। सबैको साझा प्रयासले मात्र यो सम्भव छ। साझा प्रयासको थालनी गर्न अरू कुनै सरकारलाई भन्दा नागरिक सरकारलाई सजिलो हुन्छ, किनकि यो कुनै दलगत आइडियोलोजीमा बाँधिएको छैन। यो नागरिकको बृहत्तर हितबाट निर्देशित हुन्छ, हुनुपर्छ।

वास्तवमा जेन-जी आन्दोलनले नेपाली समाजको 'पुनर्जागरण'को आवश्यकता देखाइरहेको छ। यो केवल राजनीति होइन, समाजका हरेक आयाममा जरुरी छ। यदि सरकारले त्यस पुनर्जागरणको डिस्कोर्सलाई प्रवर्द्धन गरेर एउटा भिजन डकुमेन्ट बनाएर अघि बढायो भने, त्यो आफैँ रूपान्तरणको जग हुनेछ, र भविष्यका सर कारले पनि त्यसैलाई मार्गदर्शक दस्तावेजको रूपमा मान्न बाध्य हुनेछ।

यस सन्दर्भमा केही कुराहरू स्थापित छन्, भ्रष्टाचार र कुशासन केवल घटना होइनन्, समाजका संरचनागत समस्या हुन्। कर्मचारीतन्त्र र अन्य शासकीय संरचनाको गैर-सामन्तीकरण आजसम्म पनि हुन सकेको छैन। छानिएका/चुनिएका 'मालिक' र जनता 'नोकर' भन्ने प्रवृत्ति अझै ज्यूँका त्यूँ छ। विभेदका वर्गीय, जातीय, लैंगिक र क्षत्रीय पाटाहरू पनि प्रबल नै छन्। संविधानले नागरिकलाई सार्वभौम भनेको छ, तर व्यवहारमा निर्वाचित वा नियुक्त सेवकहरू नै मालिकजस्तो देखिन्छन्। उनीहरू जनताको करबाट तलब-भत्ता खान्छन्, तर जनतासँग दुरी बढाएर बस्छन्। यसले नागरिक र सरकारबीचको सम्बन्धमा दरार ल्याएको छ। त्यसको चरम प्रकटीकरण नै जेनजी विद्रोह थियो।

तसर्थ, अहं सवाल हे हो भने, के हामी 'सत्ता' सँगसँगै 'संस्कार' पनि पल्टाउन सक्छौँ ? निर्वाचित वा नियुक्त व्यक्तिले सेवाग्राही नागरिकलाई पहिले 'नमस्कार' गर्ने परम्परा बसाल्न सक्छौँ ? सार्वभौम जनताले नेता र कार्यकर्ताबाट स्वार्थी नमस्कार पाउन निर्वाचन नै कुर्नुपर्ने अवस्थाको अन्त्य गर्न सक्छौँ ? साँचो पुनर्जागरण भनेको सत्ता र नागरिकबीचको सम्बन्ध उल्ट्याउनु हो। नागरिक मालिक, जनप्रतिनिधि र कर्मचारी सेवकको रूपमा स्थापित गर्नु हो। जनअधिकार बहालीका लागि देशमा धेरैपटक आन्दोलन भएका छन् र सुरक्षित निकास पनि निस्केका पनि छन्। तर, अहिले भएको आन्दोलनको आह्वान, सहभागिता र गति हेर्दा मुलुकका लागि बिल्कुलै नयाँ अनुभव हो। केही वर्षअघि छिमेकी मुलुकहरू श्रीलंका र बंगलादेशमा अबलम्बन गरिएको निकासको विधिबाट पनि पाठ सिक्न सकिन्छ। तर, अन्तरिम सरकार गठन भएको लामो समय बितिसक्दा पनि बंगलादेशमा आमनिर्वाचन सुनिश्चित हुन सकिरहेको छैन। त्यसैले हामीले अब खोज्ने निकास नयाँ सरकार मात्रै होइन, नयाँ जनादेशतर्फ समेत केन्द्रित हुनुपर्छ।

हेर्दा सूक्ष्म र सानो कुराजस्तो लाग्न सक्छ, तर यसमा अरू धेरै कुरा लुकेका छन्, समाहित छन्। यी कुरा सांकेतिक हुन्, डिस्कोर्सको खाँचो छ। इतिहासबाट पाठ सिकेर अगाडि बढौँ। जुनसुकै कुराको सामान्यीकरण र विस्मृतीकरण नहोस्। प्रत्येक पुस्ताले बलिदानी दिनुपर्ने अवस्था नआओस्।

सुचना ! सुचना ! सुचना !

व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं यो कानुनी आवश्यकता हो। यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।

नवदुर्गा गाउँपालिका
वडा नं. ४ को कार्यालय
बेलापुर, डडेल्धुरा

पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- ब्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन बैतडी

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

- लाल बिगूल दैनिकः- ९८५८७५१६००/९८०५५९९७५०
- जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- ०९६-४२०१३३/४२०५५५
- जिल्ला अदालत डडेल्धुराः- ०९६-४२०१३०/४२०४८३
- जिल्ला समन्वय समिति डडेल्धुराः- ०९६-४१०१४४
- जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- ०९६-४२०१९९/४२०१७६
- रणबम गण दहब्यारेक डडेल्धुराः- ०९६-४२०२००/४२०५००
- राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः ०९६-४२०१७७
- रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- ९८५१२७२५१३
- डडेल्धुरा अस्पताल डडेल्धुराः- ०९६-४१०२४५/४२०१६५
- शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- ०९६-४२०१३५
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- ०९६-४१०११४
- खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- ०९६-४१०१५०
- स्वास्थ्य कार्यालय डडेल्धुराः- ०९६-४१०११८/४१०२३८
- डिभिजन बन कार्यालय डडेल्धुराः- ०९६-४२०१४५
- जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- ०९६-४२०२३७
- जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- ०९६-४१०१२५
- कृषि ज्ञान केन्द्र डडेल्धुराः- ०९६-४१०११२
- भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- ०९६-४१०११५
- मालपोत कार्यालय डडेल्धुराः- ०९६-४१०१७१
- नापी कार्यालय डडेल्धुराः- ०९६-४१०१६७
- कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- ०९६-४१०१७७
- जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- ०९६-४१०१०६
- घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- ०९६-४१०१६४
- तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- ०९६-४२०१७५
- जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- ०९६-४१०१५४
- जिल्ला हुलाक कार्यालय डडेल्धुराः- ०९६-४२०१४१
- शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- ०९६-४१०१८५
- जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- ०९६-४२०२२१
- डडेल्धुरा कारागार शाखाः- ०९६-४१९२१५
- जिल्ला खेलकुद समिति डडेल्धुराः- ९८४८७२८२६३
- यातायात कार्यालय डडेल्धुराः- ०९६-४२०२४१
- सामाजिक विकास कार्यालय डडेल्धुराः- ९८५८७८३२३२
- अमरगढी नगरपालिका डडेल्धुराः- ०९६-४१०२२२
- परशुराम नगरपालिका डडेल्धुराः- ०९६-४११००४
- अजयमेरू गाउँपालिका डडेल्धुराः- ९८५५७८५५५०
- गन्यापधुरा गाउँपालिका डडेल्धुराः- ९८५८७८८७०७
- आलिताल गाउँपालिका डडेल्धुराः- ९८५८७८१०२०
- भागेश्वर गाउँपालिका डडेल्धुराः- ९८४१९६३८९६
- नवदुर्गा गाउँपालिका डडेल्धुराः- ९८५८७४५४३०
- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- ०९६-४१००९२
- आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- ०९६-४१०३०८
- खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- ९८५८७७५००४
- पूर्वाधार विकास कार्यालय डडेल्धुराः- ०९६-४१००६१
- राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- ०९६-४२०२१३/४२०२१४
- नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- ०९६-४२०२४५/४२०४७५
- दुरसञ्चार कार्यालय डडेल्धुराः- ०९६-४२०१०८
- साल्ट ट्रेडिङ्ग डडेल्धुराः- ९८४८८०५५८२
- जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- ०९६-४११००८
- इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- ०९६-४११०७२
- डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- ०९६-४२००६३
- बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- ९८५८७५३०५५
- डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- ०९६-४२०३५३
- जिल्ला रेडक्रस ब्लडका लागिः- ९८४७०९०१७४
- एम्बुलेन्स डडेल्धुरा अस्पतालः- ०९६-४१०१६५
- उद्योग विणिज्य संघ डडेल्धुराः- ०९६-४२०६११
- बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- ०९६-४१००१३
- रुडुक डडेल्धुराः- ०९६-४१०४०२
- महिला मुक्ति समाज डडेल्धुराः- ०९६-४२०३८९
- एकीकृत विकास समाज डडेल्धुराः- ०९६-४२०१७९
- हरमस नेपालः- ०९६-४२०१४७
- नेपाली काङ्गेस डडेल्धुराः- ०९६-४२०१६९
- नेकपा एमाले डडेल्धुराः- ०९६-४१०१०५
- नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- ९८५११५१००८
- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ९८४९७११५३८
- नेकपा एकीकृत समाजवादी डडेल्धुराः- ९८५८७५१४३५
- डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- ०९६-४१०१८९
- त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- ९८५८७८६२५८
- भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- ०९६-४२०७५०
- मिंहेन्द्र मा.वि. डडेल्धुरा :- ९८४८७६६०३०
- न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- ०९६-४१०११६

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिनु होला।**

# डडेल्धुरा अस्पताल डडेल्धुरा

## समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

## खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले भिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

"म्याद र गुणस्तर हेरेर मात्र सुरक्षित खानेकुरा रोजौं ।
स्वस्थ जीवनको समृद्ध मुलुक र गुणस्तर चिन्हलाई नै खोजौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## भागेश्वर गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं । आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**भागेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बगरकोट, डडेल्धुरा**

# दार्चुला मा ५८ कैदीबन्दी




**बिगूल समाचार**
**३ असोज २०८२**

दार्चुला । जेनजी प्रदर्शनका क्रममा गत भदौ २४ मा जिल्ला कारागार बाट फरार ७१ कैदीबन्दीमध्ये ५८ जना कारागार फर्किएका छन् ।

फरार मध्येका दुई कैदीबन्दी सम्पर्कमा रहेको कारागारका जेलर सरीता चन्दले जानकारी दिइन । फरार कैदीबन्दीको हुलियासहित सबै ठाउँमा विवरण पठाइएको र उनीहरुको खोजी भइरहेको प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले जानकारी दिए ।

फरार कैदीबन्दी तथा थुनुवालाई तुरुन्त सम्पर्क गर्न र कानुनको पालना गर्न आग्रह गर्दै प्रशासनले सूचना जारी गरिसकेको छ । जिल्ला कारागारमा कूल ७७ कैदीबन्दीमध्ये ६ जना कारागारमै बसेका थिए ।

# सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न संकायमा नयाँ डीन तथा पदाधिकारी नियुक्त



**बिगूल समाचार**
**३ असोज २०८२**

डडेल्धुरा । सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत विभिन्न संकायमा नयाँ पदाधिकारीहरूको नियुक्ति भएको छ । जसअन्तर्गत व्यवस्थापन संकायको डीनमा प्रा.डा. पदम राज जोशी पुनः नियुक्त भएका छन् । उनि यस अघि पनि वि.सं. २०७८ देखि व्यवस्थापन संकायको डीन रहेका थिए। उनि कैलाली बहुमुखी क्याम्पसका पुर्व क्याम्पसप्रमुख पनि हुन् ।

यस्तै विज्ञान तथा प्रविधि संकायको डीनमा कैलाली बहुमुखी क्याम्पसका सह-प्राध्यापक एवं युवा वैज्ञानिक डा.प्रेमसिंह साउद नियुक्त भएका छन्। उनि नेपाल सरकारबाट र ाष्ट्रिय शिक्षा पुरस्कार(२०८१ बाट सम्मानित भएका थिए। त्यस्तै, स्कुल अफ फरेष्ट अन्तर्गत प्राकृतिक स्रोत व्यवस्थापन तथा वन विज्ञान संकायमा उप-प्राध्यापक शिद्धराज पन्तलाई डीनको जिम्मेवारी दिइएको छ। उनि पनि कैलाली बहुमुखी क्याम्पसमा प्रानध्यपनरत थिए ।

त्यसैगरी, कैलाली बहुमुखी क्याम्पसको क्याम्पस प्रमुखमा सह-प्राध्यापक डा. लोकबहादुर बिष्ट नियुक्त भएका छन् । आज सुदूरपश्चिम विश्वविद्यायलका उपकूलपति प्रध्यापक डा. हेमराज पन्त र रजिष्ट्रार प्रा.डा.विनोद लेखकले नव नियुक्त सबै पदाधिकारहिरुलाई नियुक्ति पत्र प्रदान गर्दै वधाई र शुभकामना व्यक्त गरेका थिए ।

# निर्वाचनका लागि कानुन संशोधनको आग्रह, विदेशमा रहेका नेपालीले पनि मतदान गर्न पाउने योजनाको तयारी

**बिगूल समाचार**
**३ असोज २०८२**

निर्वाचन आयोगले तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न मतदाता नामावली ऐन, २०७३ संशोधनलगायत आवश्यक स्रोत साधनको सुनिश्चितताका लागि सरकारसँग आग्रह गरेको छ । आगामी कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदाता संख्या एक करोड ८१ लाख ६८ हजार २३० छन् ।

आसन्न निर्वाचनका सन्दर्भमा आज निर्वाचन आयोगमा आयोजित छलफलमा गृहमन्त्री ओमप्रकाश अर्यालसँग कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी सहितका पदाधिकारीले यसअघि तोकिएको उपनिर्वाचनको मिति तोकिएको स्थितिमा गत असार १६ गतेदेखि मतदाता नामावली संकलन स्थगन भएकाले मध्यावधि निर्वाचनको मिति घोषणा भइसकेपछि मतदाता नामावली संकलन खुल्ला गर्न कानुनी प्रबन्ध गर्नुपर्ने बताए ।

उक्त ऐनको दफा ४ को उपदफा २ को सो व्यवस्था संशोधनका लागि अध्यादेशबाट कानुन संशोधन गर्न आयोग र सरकारबीच छलफल भएको छ । गृहमन्त्री अर्यालले सर्वोच्च अदालतको आदेशबमोजिम विदेशमा रहेका नेपालीलाई पनि मताधिकार दिने उपायबारे योजना बनाउन सुझाएपछि आयोगले त्यसका लागि कानुनका विज्ञसँग छलफल गरी सुझाव दिने तयारी गरेको छ ।

यही भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनपछि उत्पन्न परिस्थितिमा पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन र प्रतिनिधिसभा विघटन भई आगामी फागुन २१ गतेका लागि निर्वाचन मिति घोषणा गरिएको छ ।

अन्तरिम सरकारको कार्यादेश अनुसार निर्वाचनलाई केन्द्रमा आयोगले काम काम सुरु गरिसकेको जनाउँदै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले निर्वाचनका लागि प्रभावकारी सुरक्षा प्रबन्ध, जनशक्ति र स्रोतको सुनिश्चितता, अन्य मन्त्रालयसँगको समन्वय, राजनीतिक दलको सहभागिता, निर्वाचन आचारसंहिताको कार्यान्वयनमा सरकार र सम्बन्धित क्षेत्रको सहयोगको आग्रह गरे ।


## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रुपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लिेक, डडेल्धुरा**

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपूर, डडेल्धुरा**


डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा